# स्थानीय राजपत्र

## पूर्वखोला गाउँपालिकाले प्रकाशित

**खण्ड : ५ संख्या : ६ मिति: २०७८/०४/२०**

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पूर्वखोला गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०७८ सालको कार्यविधि नं.-६**

**लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८**

**प्रस्तवना :**

समाजमा बढदै गइरहेको लैङ्गिक हिंसाको रोकथाम तथा न्यूनिकरण गरी यसको निवारणका लागि कोष स्थापना गर्न वान्छनिय देखिएकाले संघिय लैङ्गिक हिंसा निवारण कोष संचालन नियमावली, २०६७ लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सर्शत अनुदान रकम खर्च सम्बन्धी कार्यविधि, २०७६ को अधिन एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पूर्वखोला गाउँपालिकाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८ तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(१) "कार्यालय" भन्नाले पूर्वखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(२) "कोष" भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(३) "पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(४) "पालिका स्तरीय तत्काल उद्धार तथा राहत समिति" भन्नाले उपदफा (८) बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

(५) "लैङ्गिक हिंसा" भन्नाले कार्य स्थल, सार्वजनिक स्थल, घरपरिवार, समाजमा हुने शारीरिक, मानसिक तथा यौनजन्य

दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(६) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक यातना सम्झनु पर्दछ ।

**३. कोषको स्थापना :**

(१) "लैङ्गिक हिंसा निवारण कोष" नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहायबमोजिमका रकमहरू रहनेछन् :-

(क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) पूर्वखोला गाउँपालिकाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(घ) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

(ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त व्याज रकम,

(घ) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम बैकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :**

महिलाहरूको हक हित र संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोबिमर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बीँउ पुँजी (सिडमनी) को रुपमा प्रयोग गर्न,

(च) पुर्नस्थापना गराउन,

(छ) अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनीमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने :**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा दिनेछ ।

**८. पालिका स्तरीय तत्काल उद्धार तथा राहत समितिको गठन :**

(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि स्थानीय तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२. पालिका स्तरीय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) पालिका उपाध्यक्ष :- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत :- सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय :- सदस्य

(घ) कार्यपालिका सदस्य मध्येबाट एक जना महिला पर्ने गरी गाउँ कार्यपालिकाले मनोनित गरेको २ जना सदस्य :- सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थाहरू मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना :- सदस्य

(च) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख :- सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. पालिका स्तरीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :**

स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) गाउँपालिका भित्र लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरू बिच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि गाउँपालिका स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए, सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खानाखर्च बापत र बास बस्नु पर्ने भए सो बापत छुटै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक साधन प्रयोग गर्दा लाग्ने भाँडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा वढीमा ३ दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि ५ हजार रुपैयाँमा नवढ्ने गरी लागेको यर्थाथ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीँउ पुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुर्नस्थापनाको लागि बढिमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपदफा (१) बमेजिमको रकम अप्रयाप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यवहोरा मनासिव देखिएमा गाउँस्तरीय तत्काल उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई सम्बन्धित वडा कार्यालय वा न्यायिक समितिको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा (१०) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनु पर्ने मनासिव आधार नदेखिएमा समितिले सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले

सो प्रयोजनको लागि कोषबाट रु १०,०००।- (अक्षरुपी दश हजार मात्र) नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी गाउँस्तरीय तत्काल उद्धार तथा राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी उपलब्ध गराईए पछि बस्ने स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :**

(१) कोषमा रहेको रकम अप्रयाप्त भएमा रकम अप्रयाप्तताको कारण खुलाई गाउँस्तरीय तत्काल उद्धार तथा राहत समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुटै खाता खोल्नु पर्ने :**

(१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै बाणिज्य बैकमा छुटै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखापरीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१६. आवर्ती (रिभल्भीङ) कोष :**

यो कोष आवर्ती (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने :**

(१) राहत समितिले प्रत्येक ३ महिनामा (आवश्यकता अनुसार) सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यापालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१८. बैठक भत्ता :**

सञ्चालक समितिको अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउने छन ।

**१९. निर्देशन दिन सक्ने :**

कार्यपालिकाले पालकिास्तरीय तत्काल उद्धार तथा राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२०. अधिकार प्रत्यायोजन :**

समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा गाउँ कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्नेछ ।

**२१. कोष खारेज हुन सक्ने :**

(१) कुनै कारणबस कोष संचालन आवश्यक नदेखिएमा गाउँ कार्यपालिकाको निर्णयबाट उक्त कोष खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँपालिकाको बैठकबाट हुनेछ ।

## अनुसूची-१
## (दफा ११ सँग सम्बन्धित)

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

श्री अध्यक्ष ज्यू ।
स्थानीय तत्काल उद्धार तथा राहत समिति

म ..................मा बस्ने वर्ष............को.............. मिति..................... मा लैङ्गिक हिंसा पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.........................) भएको कारणले मेरो मानसिक शारीरिक सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार, कानुन सहायता एवं परामर्श, उद्धार मनोविमर्श, स्वरोजगार, पुर्नस्थापना र अन्य ......................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको
नाम थर ......................
ठेगाना ......................
दस्तखत ......................
मिति......................
प्रमाणित मिति : २०७८/०४/१५

आज्ञाले
**ज्ञानु प्रसाद पनेरु**
प्रमुख प्रशासकिय अधिकृत